# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/०५

तेस्रो अधिवेसन

(तेह्रौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

तेस्रो अधिवेशनको तेह्रौ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब, "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**३. माननीय सदस्यहरू,**

अब, म भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु ।

**माननीय पठान सिंह वोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि प्रदेश सभा नियमावली २०७४ को नियम १०७ बमोजिम सामान्य छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेस भएपछि)***

**४. माननीय सदस्यहरू,**

अब, म "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि बीचार गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

***(घोषणा पछि)***

**५.** माननीय सदस्यहरु,

अब, प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ बमोजिम **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलको समय प्रारम्भ हुन्छ । छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल गरिने छ । विधेयकको मनसाय स्पष्ट पार्न बाहेक विधेयकका दफाहरू माथि छलफल गरिने छैन । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरुका लागि ३ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **माननीय रतन बहादुर थापा** लाई समय दिन्छु ।

**माननीय रतन बहादुर थापा**,

माननीय सभामुखज्यू, जुन यो विधेयक आएको छ स्वरोजगार विकास कोषको वास्तवमा यो धेरै राम्रो हो राष्ट्र उन्नती गर्नको लागि विशेष गरेर सुदूरपश्चिमलाइ अगाडी बढाउनको लागि यो विधेयक धेरै आवश्यक छ र जति पनि तालिम दिने र त्यसपछि वाहाहरुलाइ केही पैसा दिने रोजगारी गर्नको लागि भन्ने कुरा छ तर तालिमहरु के भइरहेको छ भने तालिम गर्ने तर तालिमको उपयोग नहुने । हिजोका दिनमा मलाइ लाग्छ सिलाइ बुनाइ तालिमहरु नलिएको ठाउ छैन । तर सिलाइ बुनाइ गरिरहेका छैनन् । सिलाइ बुनाइ पनि कोट सिलाउने मान्छे भनेर अहिले धनगढीमा पनि खोज्नु पर्छ । राम्रो कोट सिलाउने मान्छे कहा भन्ने खोज्नु पर्नेछ । त्यसकारण तालिम एउटा सामान्य तालिम देखी लिएर एउटा लेबलसम्मको तालिम जरुरी छ । अहिलेसम्म एउटा सिलाइ बुनाइमा पनि अहिले सेल्फ भइसक्या छैनौं मतलव कम्पिलिट हाम्रो भइरहेको छैन । त्यसकारण मैले के सोच्या छु भने तालिमको लागि तालिम नभएर तालिम गरिखानको लागि कसरी बनाउने भन्नाखेरी तालिम दिने मान्छेलाइ कम्सेकम उनीहरुसँग पनि केही कन्ट्रिव्युसन लिनु पर्छ एउटा हामीले त्यसको अनुभव पनि गर्याछौं । अहिले भर्खर चिसापानीमा एउटा कार्यक्रम भैराछ भोली समापन छ । त्यो मान्छेबाट नै पैसा लिएर उनीहरुबाट पैसा लिएपछि तिनीहरुको इन्ट्रेस हुन्छ र त्यो तालिम गर्ने मान्छेहरु धेरै आउदैछन् । जसलाइ तालिमको आवश्यकता छ त्यो मान्छे आउछ र सरकारको तर्फबाट छ छ त्यो अलिकति सेम व्यक्तिको पनि हुनसक्छ तर अलिकति गरिवी अब जातीय रुपमा पीछडिएको त्यस्तो ठाउको लागि प्रयाप्त नलगेपनि राम्रो हुन्छ जस्तो मलाइ लाग्छ । धेरै कुराहरु यसमा समेटेकै छ तर तालिमहरु धेरै लिने र दिने कुरालाइ स्वावलम्बी बनाउने कुराहरु छ तर कुन कुरालाइ बढी प्राथमिकता दिने जस्तै मैले एउटा अध्ययनमा के देखे भने र्याफ्टिङमा अहिलेसम्म चलाउने मान्छेहरु नेपाल अधिराज्यभरी २५० जना रहेछ त्यो पनी धेरै जना विदेश गैसकेको । त्यो र्याफ्टिङ कार्यक्रम गराएर चलाउने मान्छे पाइएन भने अहिले नेपालमा पनि ४० हजार सम्म तलब रैछ र जापानमा ४ लाख रुपैया तलब रैछ जबकी ३ महिना हामीले सिकाएपछि त्यो

मान्छेहरु पर्फेक्ट हुदो रैछ । होटल मेनेजमेन्टको लागि मान्छेहरुले लाखौं रुपैया खर्च गर्न तर तिन महिना यदी होटल मेनेजमेन्ट खाना पकाउने लगायतका कुराहरु सिक्यो भने तेले होटल खोल्न सक्छ । तालिमहरु यस्तो हुनु पर्यो जुन चाही कम्प्लिट काम लाग्ने खालको । र पैसा अब त्यसलाइ दिनु पर्यो जसलाइ हिजोको दिनमा तालिम कसरी गरिया छ भने कुनै संस्थाले तालिमको लागि त्यो लियो ४० जना मान्छे तालिम गराउछन् ल हजुरलाइ अब ४० जना मान्छे चाहिएको छ । कोरम पुगाउनु पर्यो । ४० जना मान्छे ल्याउ भनेर धनगढीबाट फोन गरेर ल्याउने अनी एउटा मान्छेले एउटै तालिम १० चोटी लियाछ । तर त्यो काम लाग्या छैन । तालिम जसलाइ आवश्यकता छ त्यसलाइ तालिम दिने र जसलाइ आवश्यकता छ त्यसलाइ पैसा दिने अब हाम्रो मान्छेलाइ भन्दा पनि राम्रो मान्छेलाइ पाटिगत भन्दा पनि बाहिर उठेर यो दिने जसले गर्दा हाम्रो सवृद्धीको विकास हुन्छ । अहिले मैले यो संसारका देशहरु को को कसरी डिभलपमेन्ट कसरी प्रगति भएको छ भन्ने कुराहरु अध्ययन गरिराछु र सानसाना देशहरुको हेर्दाखेरी इज्राइलले यती सानो र जनसंख्या भएपनि संसारको ८ नं. मा आउदो रैछ र संसारको रिचेस्ट देश चाही अहिले तेही रैछ । भनेपछि भौगोलिक रुपमा सानो र ठुलो हुँदैन हाम्रो देश पनि प्राकृतिक रुपमा संसारको धनी देशमा गनिन्छ अरु देशमा ठुलो समस्या छ । हाम्रो देशमा छैन । तर पनि हामी धेरै पछाडी छौं के कारणले छौं भन्दाखरी हाम्रो टेलेन्ट मेनपावरहरु बाहिर छ तिनिहरुलाइ हामीले अवसर दिन सकेका छैनौं । सानो जुन मान्छेहरु गर्न खान सक्छन् तेलाइ वातावरण दिन सकेका छैनौ र यो हामीले मिलाउनु पर्ने छ । यसले यो सुदूरपश्चिमलाइ अगाडी बढाउनको लागि धेरै ठुलो भूमिका खेल्ने छ । यसलाइ हामीले गम्भिर भएर सोच्नु पर्ने छ । हामीले सपना देख्नु पर्नेछ । सपना कस्तो राती सुतेको बेला देख्ने सपना होइन । त्यो सपना भनेको दिउसो नपाएको राती देखिन्छ । सपना यस्तो देख्नु पर्यो कि जले सुत्न नदेओस दिनमा त्यस्तो सपना । साँच्चै सपना देख्ने हो भने सुत्न दिदैन त्यस्तो खालको अब हामी सपना देख्नु पर्यो । विशेष गरेर अब हाम्रो कार्यकारिणी क्षेत्रमा हाम्रो सरकारको पक्षले र हामी त अब त्यसमा साथ दिइरहेका छौं । यति भन्दै मेरो भनाइ अन्त्य गर्न चाहान्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि हामी सामान्य छलफल गर्दै छौ । यो धेरै धेरै राम्रो विधेयक हो । हाम्रो सुदूरपश्चिम एउटा गरिब प्रदेश हो यहाँ थुप्रै जनशक्तिहरु छन् जसले काम विहिन छन् धेरै शिप शिकेका मानिसहरु छन् पैसा छैन । त्यसकारणले यो विधेयक यति राम्रो विधेयक हो । तर यलाइ प्रभावकारी बनाउने ढंगले हामी कार्यान्वयन गर्दा खेरी प्रभावकारी कसरी बनाउने भन्ने तेतातिर हाम्रो ध्यान जानु पर्छ खास गरेर यहाँ मैले हेर्दै थिएँ । यहाँ लक्षित समूह भनेको छ । वैदेशिक रोजगारबाट फर्केका युवायुवती भनेको छ । अब वैदेशिक रोजगारबाट फर्केका युवा युवतीहरु पनि हामीले विचार गर्नु पर्छ किनभने अमेरिका तिर युरोपतिर जाने धेरै पैसावाल मान्छे हुन्छ । उनीहरुसँग धेरै पैसा हुन्छ । तर कोही यस्ता गरिबहरु पनि छन् । उनीहरुलाइ हामीले पहिचान गर्नु पर्छ । पहिचान गरेर मात्रै हामीले यसमा समावेश गर्न सके भने मलाइ लाग्छ यो धेरै प्रभावकारी हुन्छ । अब हाम्रो नेपालमा रोजगारीको

सृजना छैन कम्तीमा धेरै पढेका Educated जो जनशक्तिहरु छ उनीहरुलाइ पनि यो कार्यक्रममा हामीले समावेश गर्न सके भने मलाइ लाग्छ यसले चाही यो प्रदेशको गरिबीलाइ धेरै हदसम्म माथि उठाउन सक्छ । त्यसकारणले यो हामीले कार्यान्वयन पक्षमा हामीले धेरै विचार गर्नुपर्ने हुन्छ । यसमा हामीले विगतमा हामी हेर्यौं अलिकति दुरुपयोग पनि भएको छ पहुँचवाला मान्छे कहा पुगेका यस्ता यस्ता कुराहरु हामी देख्छौं तर जो साँच्चै गरिब छ उसमा जोस छ जाँगर छ सीप छ पैसाको अभाव छ उसले अबसर पाउदैन । त्यस कारणले विशेष गरेर हामीले तेतातिर ध्यान दिन सक्यौं भने मलाई लाग्छ यो धेरै राम्रो विधेयक हुन्छ । हओस मेरो भनाइ यति नै राख्छु धन्यवाद ।

**माननीय गोविन्द राज वोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको स्वरोजगार विकास कोष जुन यो विधेयक आएको छ । असाध्यै महत्वपूर्ण विधेयक हो । यो विधेयकले हामीलाई साँच्चिकै जुन बेरोजगारी समस्या जटिल समस्या समाजमा बसेको छ तेलाई समाधान गर्नका लागि यो विधेयकले धेरै ठुलो Help गर्छ भन्ने कुरा महसुस भएको छ । र यस विधेयकलाई जसरी हामी ल्याइ राखेका छौं त्यसरी समाजमा जनतामा यलाई जनताको पिरमर्कालाई हेर्ने गरी लागु गर्ने हामीले प्रतिवद्धता पनि जनाउनु पर्छ र यस विधेयकमा यो कोषको स्थापना र उद्देश्य भन्ने जुन छ त्यसको ४ नं. मा केरे ३ को २ मा कोषको केन्द्रिय कार्यालय कैलाली जिल्लामा रहनेछ र कोषले समितिको निर्णय अनुसार सुदुरपश्चिम प्रदेश भित्र जुनसुकै स्थानमा कार्यालय स्थापना गर्न सक्नेछ भनेको छ । यसमा सुदूरपश्चिम प्रदेश भित्र जुनसुकै स्थानमा भन्नु भन्दा आवश्यक र उचित स्थानमा भन्ने राख्न पाए राम्रो हुन्थ्यो । जुनसुकै स्थानमा हुनाले यसले तेतिठुलो परिधि लिन सक्दैन र त्यसका सँगसँगै हामीले जति यो विधेयकलाई हेर्दा खेरी जति कुराहरु अगाडी बढाएका छौं लेखिएको छ । यी कुराहरु राम्रा छन् । अहिले बेरोजगारी जुन देशमा भइराखेको छ जुन शीपमुलक कार्यक्रम हामीले दिने भनेर भनिराखेका छौं । विशेष गरेर परम्परागत हाम्रा शिपहरु जति छन् ती शिपहरु हाम्रा हट्दै गइराखेका छन् । त्यसलाई हामीले Priority दिन सकेका छैनौं । यदि हाम्रो जुन परम्परागत शिपहरु जति अहिले समाजमा बनेका छन् तेलाई प्रत्साहित गर्यौं भनेपछि हामी त्यसबाट बेरोजगारी धेरै हटाउछौ । नयाँ किसिमको शिपहरु सिकाएर त्यसलाई इम्पिलिमेन्ट गर्दा तेती सजिलो सँग हामीले गर्न सक्या त्यसका अन्य पाटाहरु छन् बजेटका पाटाहरु छन् आर्थिक रुपले हामी धान्न सक्छौं कि सक्दैनौ तर परम्परागत शिपमुलक कार्यक्रमहरु छन् । तिनलाई लागु गर्दा खेरी सरकारले त्यसमा हेल्प गर्यो भने हाम्रा धेरै गाउँमा बसेका धेरै बेरोजगार युवाहरु देखी लिएर वृद्धाहरु पनि त्यसमा समावेश यो शिपमुलक कार्यक्रममा युवा मात्रै होइन शिप शिप्ने वृद्धहरु पनि त्यसमा काम गर्न सक्ने अवस्था छ । त्यसैले यसलाई प्राइरोटी ज्यादा दिनु पर्छ । यो बेरोजगारको जुन मापदण्ड तोकिएको छ साँच्चिकै कुन बेरोजगार हो भन्ने कुरा हामीले कसरी चिन्ने यसको special एउटा मापदण्ड यसमा specially यसमा आएको छैन । त्यो special मापदण्ड तोक्नै पर्छ किन भन्दा खेरी सुकुन्वासी आयोग गठन गर्ने सुकुन्वासीको विषयमा छलफल गर्ने सुकुन्वासी बनाउने तर घर जग्गा भएका धनि मान्छेहरु सुकुन्वासीमा परेर जग्गा लिने परम्परा हाम्रो मुलुक भित्र बसि आएको छ । त्यसैले यसलाई strict एउटा कानुन बनाएर यो ठाउमा बेरोजगार को हो छ वास्तवमा पीडित को हो त्यो पीडितको

पक्षमा राज्यले कसरी आफैले राहत पुर्याउने । राज्यले कसरी पीडितको पक्षमा त्यो संयन्त्र कसरी पुर्याउने भन्ने कुरा हामीले हेर्ने जरुरी छ । यसलाई एकदम सरकारले यसका तौर तरिकाहरु त्यो गरिबसम्म पुग्ने नियमहरु त्यसको परिधि फराकिलो बनाएर तेलाई लग्नु पर्छ भन्ने हाम्रो सोचाइ हो । त्यसका सँगसँगै बैंकले ऋण दिने कुराहरु राखिएको छ । यो भन्दा अगाडी पनि प्रशस्त निर्णयहरु भएका छन् । बैंकले बेरोजगारहरुलाई short period राखेर नागरिकता राखेर बैंकले ऋण दिने त्यसपछि रोजगारी बढाउने र त्यो पैसाको आधारमा एउटा कार्यक्रम संचालन गर्ने त्यो व्यक्तिले बनाएको छ । तर त्यो बैंकबाट सरकारको तर्फबाट त्यसमा लागु गर्नलाई निर्णय गरियो होला । तर कुनै आर्थिक जुन संस्थाहरु छ। ती संस्थाहरुले कसैले पनि त्यसमा सहयोग गरेको अहिले सम्म देखिदैन । कही certificate लिएर कुनै बेरोजगारलाई यो कुरा दिइएको छ भनेर त्यसलाई लागु गर्न सकिएको छ खाली त्यो नाराको भरमा छ । सरकारमा बस्ने हामीले सुदूरपश्चिम प्रदेशले कमसेकम एउटा काम के थालनी गर्नु पर्यो भनेपछि जुन श्रोतहरु हामीले जुटाएका छौं । जुन बैंकबाट हामीले ऋण लिने हो अथवा certificate राखेर नागरिकता राखेर अन्य कुनै प्रमाणहरु ती प्रमाणहरु राखेर लिनेहो भने त्यो सुलभ र सजिलो बनाएर हामीले छिटो भन्दा छिटो यलाई लागु गर्न सक्यो भने यो साँच्चिकै हाम्रो सुदूरपश्चिमको बेरोजगारी हट्न सक्छ । त्यसैले हाम्रो भनाइ के हो भने पछि यो विधेयकले जुन उद्देश्य प्राप्तिका लागि जति कुराहरु यसमा लेखिएका छन् राम्रो छन् र त्यसमा पनि केही कुरा थप्नु पर्ने भए थपेर परम्परागत शिपलाई हामीले छोड्नु हुँदैन । यसलाई अगाडी बढाएर हाम्रो यो समाजलाई याको जुन बेरोजगारी छ जुन रितिरिवाज छ यसलाई समाप्त गर्नको लागि हामीले यसको नीति तयार गरेर अगाडी बढ्नु पर्छ भन्ने हाम्रो सोचाइ राख्दै विदा हुन्छु धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, यो ऐतिहासिक सदन सुदूरपश्चिम प्रदेश सभाको हिउदे अधिवेशनमा जसरी सुदूरपश्चिम स्वरोजगार कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छ यो एकदमै ऐतिहासिक छ । म धन्यवाद ज्ञापन गर्न चाहान्छु प्रदेश सरकारलाई यो ऐतिहासिक कार्य हो र यलाई सिद्धान्तः ऐतिहासिक कार्यलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि मलाई लाग्छ यो राष्ट्रिय सवाल बनेको छ युवा स्वरोजगार । चुनौती पनि राष्ट्रलाई बेरोजगारीताले सृजना गरेको छ र मलाई लाग्छ यो प्रदेशले केन्द्रिय सरकारका जति असजिलो पारेर स्वरोजगार कार्यक्रम संचालन गरिनु हुँदैन । सहज रुपमा पार्दशी ढंगबाट यो स्वरोजगार कार्यक्रमबाट लाभ प्राप्त युवा साथिहरुलाई राम्रो काम गर्नेलाई प्रोत्साहन र त्यो ऋण उपलब्ध गरिसकेपछि पनि काम गर्न नसक्ने साथिहरुलाई त्यो किसिमको जरिवाना पनि हुनु पर्ने आवश्यक छ । र अर्को कुरा मलाई के लाग्छ भने जुन तपाईको यो युवा स्वरोजगारका कार्यक्रमहरु छन् । मैले थुप्रै एक दुई वटा राष्ट्र बैंकहरुमा बुझ्या थिएँ । अलि झ्याउ मान्या जस्तो कर्मचारीहरुले व्यावहारिक रुपमा कठिन जस्तो । त्यस कारणले यलाई व्यवहारिक रुपमा इन्च भरी कठिनाइ नहुने सैद्धान्तिक रुपमा त्यो कुरालाई पनि समेटेर सजिलो पार्दिन पर्छ गराउनु पर्छ र सबै भन्दा तल्लो वर्गका विपन्न गरिब निमुखाहरुको पनि यसमा पहुँच हुनु पर्छ र कामको प्रकृति हेरेर त्यो व्यवस्था सुरुवात हुनु पर्छ र यो युवा स्वरोजगार तपाईको कोष छ नि यसलाई सम्बन्धित समितिमा दफाबार छलफलका लागि

पठाइनु पर्छ मेरो अनुरोध र यलाई सैद्धान्तिक रुपमा नै अलि व्यापक छलफल गरेर अँझै यसलाई विस्तृत बनाएर व्यवहारिक रुपमा सहज बनाउने स्थिति सृजना गरेर यो सुदूरपश्चिम प्रदेशको राष्ट्रिय रुपमा सबैभन्दा आयश्रोतका हिसाबले न्यून आयश्रोत भएको प्रदेश । युवा जनशक्ति सबैभन्दा विदेशिने भित्रको प्रदेश यो प्रदेशलाई तपाइको रोजगारको सृजना गर्नको लागि संविधानको धारा ३३ मा पनि नागरिकहरुको स्वरोजगारको हक हुनेछ भन्ने कुरा लेखिएको छ तेल्लाई कार्यान्वयन गर्नका लागि पनि यो प्रदेशले सबैभन्दा उत्कृष्ट काम ऐतिहासिक काम यलाई प्राथमिकतामा राखेर शुरुवात गर्नुपर्छ भन्दै यो प्रदेश सरकारलाई प्रस्ताव तपाईको यो कोष विधेयक समयमै ल्याइदिएकोमा धन्यवाद व्यक्त गर्न चाहान्छु धन्यवाद ।

**माननीय पूर्णा जोशी**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ ढिलो गरी आए पनि प्रदेश सभामा प्रस्तुत भएको छ । म माननीय मन्त्रिज्यूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । यो कोष विशेष गरीकन सुदूरपश्चिम प्रदेशमा रहेका युवाहरुलाई उद्यमशील बनाउने र उत्पादनका क्षेत्रसँग जोड्ने र प्रदेशको समग्र अर्थतन्त्रलाई बलियो बनाउने ढंगले आएको यसको मकसद त्यो हो भन्ने लाग्दछ र त्यै मकसदका साथ यो विधेयकले काम गर्नु पर्दछ । कार्यविधि त्यो अनुसार बन्नु पर्दछ भन्ने कुराहरु म राख्न चाहान्छु । उद्यमशीलता ह्रास हुँदै गैराख्याछ उत्पादनका क्षेत्रहरु धरासायी बन्दै गएका छन् । जागिरे मानसिकताले हामी राजनीति गर्ने मान्ने जनप्रतिनिधिहरु र युवाहरु विशेष गरीकन जागिर खानुपर्छ भन्ने मानसिकतामा छन् । आफैले आफ्नो माटोमा खेल्नु पर्छ आफ्नो सिपसँग खेल्नुपर्छ भन्ने कुराहरु हराउदै गाछ । तेल्ले गर्दा खेरी यो स्वरोजगार विधेयकले त्यो मानसिकतालाई परिवर्तन गरोस भन्ने कुराहरु म राख्न चाहान्छु । सुदूरपश्चिम प्रदेशमा यो भन्दा पहिला पनि धेरै प्रकारका तालिमहरु संचालन भएका थिए । घरेलु मार्फत विभिन्न विभिन्न संघसंस्थाहरु, एनजिओ आइएनजिओहरुले युवाहरुलाई लक्षित गरेर धेरै कार्यक्रमहरु सँचालन गरेका छन् । यो स्वरोजगार विधेयक लागु गर्नु भन्दा अगाढी यो तथ्यांक संकलन गर्छु । कुन क्षेत्रमा कुन कुन प्रकारका तालिमहरु युवाहरुले लिएका छन् । त्यो कुन अवस्थामा छन् के कारणले गर्दा खेरी ती युवाहरु उद्यमी भएनन् भन्ने कुराहरु पनि एकचोटी पुनरावलोकन गरेर अब यो कति जना युवाहरुले रोजगार गर्न चाहान्छन् भन्ने कुराहरुको एउटा तथ्याङ्क चित्र प्रदेश सरकारले तयार गरोस भन्ने कुराहरु म राख्न चाहान्छु । अर्को कुराहरु यो युवा भन्ने वितिकै सबैको मानसिकतामा यै प्रदेश सभामा पनि माननीय ज्यूहरुले यसमा यो डयासमा उभिएर भन्दा खेरी हाम्रा छोराहरु विदेश गएका छन् । हाम्रा छोराहरुले यस्तो गरेका छन् भनेर भन्नु हुन्छ । कमाउने क्षेत्र भनेको छोराहरु मात्र संलग्न हुँदैनन् । यो प्रदेश विशेष गरीकन धेरै प्रकारका हिंसाहरुबाट पीडित महिलाहरुको बसोबास गर्ने प्रदेश हो । हामी विभिन्न नामले छाउपडी, घरेलु हिंसा, बेचबिखन दाइजोको नाममा कति दिन हामी संघर्ष गर्ने त्यसकारणले यो स्वरोजगार विधेयकले विशेषगरीकन ५०/५० अँझै त्यो भन्दा पनि महिला उद्यमीहरुलाई महिला उद्यमीहरुलाई महिला युवाहरुलाई अगाडी बढाओस किशोरीहरुलाई यसले अवसर सृजना गरोस र यो खालका हिंसाहरुमा सँधै भरी हामीले एउटा विषयगत क्षेत्रमा लड्नु पर्ने परिस्थिती नआओस आत्मनिर्भर

भएर परनिर्भरता घटाएर यो विधेयक विशेष गरीकन किशोरीहरुको क्षेत्रमा यसले काम गरोस भन्ने कुराहरु राख्न चाहान्छु । अर्को कुरा शीप र उद्यमशीलता भनेको हाम्रो परम्परागत शिल्पी समूह छन् जसलाई हामीले दलित भन्यौ हेप्यौ र जसले गर्दा खेरी जसको उथ्थानको निमित्त व्यवस्था परिवर्तन भयो यत्रो क्रान्ति भयो । यो शिल्पी समुदायहरु अहिले गाउने बजाउने आरनमा काम गर्ने लगायतको समुदायहरु आफ्नो पेशाबाट उपेक्षित भएर पछाडी परेको छ । वाहाँहरुसँग अथाहा सिप र संभावनाहरु छन् । ती शिप र संभावनाहरुलाई आधुनिकिकरण गर्दै बजारिकरण गर्ने अवसर दिनु पर्छ र निसन्देह यो विधेयक यो भन्दा पहिला जसरी हामीले यो भन्दा अगाढी पनि केही युवा लक्षित कार्यक्रमहरु गर्याछौं । हामीले ति कार्यक्रमहरुलाई लक्षित गरि एनजिओमा ठोकाएका छौं । मैले विरोध गर्न खोजेको होइन । यो विधेयकले सिधै हाम्रो संरचनाहरु मार्फत जनप्रतिनिधिहरु मार्फत काम गर्ने किसिमको एउटा वातावरण निर्माण गरोस र तोकिएको ठाउमा तोकिएको युवाहरुलाई यति वर्ष भित्र यति समय भित्र यति संख्यामा हामीले यो प्रकारको शिप सिकाएर यति राजस्व उत्पादन गर्ने अथवा कमाउने किसिमको वातावरण निर्माण गर्ने भन्ने खालको एउटा तथ्याङ्क वेश अथवा डाटावेश भएर यो युवा स्वरोजगार विधेयकले एउटा युवाहरुको क्षेत्रमा काम गर्न सकोस भन्ने कुराहरु राख्न चाहान्छु र अन्त्यमा फेरी पनि यसको नियमावली बन्दा खेरी अनी यसका कार्यविधिहरु बन्दा खेरी माननीय सांसदज्यूहरुको राय नछुटाइयोस भन्ने कुराहरु म माननीय मन्त्रीज्यूलाई अनुरोध गर्न चाहान्छु । हाम्रा धेरै कार्यविधिहरु धेरै त्रुटिपूर्ण भएका छन् जसले गर्दा खेरी त्यो विधेयकले ल्याएका कुराहरु कार्यक्रमले ल्याएका कुराहरु त्यो लक्षित समूहसम्म पुग्नको लागि बाटो घुमाउरो भएको छ बाटो लामो भएको छ त्यसकारणले गर्दा खेरी यसमा कार्यविधि बन्दा खेरी सबैको सहभागिता आवश्यक पर्ने समितिको सहभागिता आवश्यक पर्ने विज्ञहरुको सहभागिता गराएर ती कार्यक्रमहरु लागु गरियोस भन्ने कुराहरु राख्न चाहान्छु । पुनः मन्त्रिज्यूलाई धन्यवाद दिन चाहान्छु । यो आर्थिक वर्षको अन्त्य अन्त्य हुँदा खेरी आएको छ यलाई कार्यान्वयनको चरणमा कार्यविधि बन्न ढिलाइ नगरियोस भन्दै विदा हुन चाहान्छु धन्यवाद ।

*(बोलिसके पछि)*

६. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलमा बोल्ने समय यँही समाप्त हुन्छ।

७. **माननीय सदस्यहरू,**

अब, म भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरुको जवाफ दिन समय दिन्छु।

**माननीय पठान सिंह वोहरा,**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको विरोजगारी र गरिवीको अन्त्य गर्ने र यसको निवारण गर्ने काममा सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा बनेको विधेयक २०७५ ले अत्यन्त महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास गर्दछु र यस सम्बन्धमा माननीय सदस्यज्यूहरुले अत्यन्त जुन सक्रिय सहभागिता जनाइ आफ्ना भनाइहरु राख्नु भएको छ यसका निम्ति म यहाहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु र यो विधेयकलाई पारित गर्न आवश्यक प्रक्रिया अगाडी बढाइयोस भन्ने अनुरोध गर्दै म आफ्ना भनाइहरु टुंग्याउछु धन्यवाद ।

*(जवाफ दिएपछि)*

८. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम विधेयकमाथि संशोधनको सुचना दिन सकिने म्याद सामान्य छलफल सकिएको मितिले १२० घण्टा निर्धारण गरेकोले प्रस्तुत विधेयक माथिको बाँकी कारवाही उक्त म्याद समाप्त भए पश्चात मात्रै हुने व्यहोरा जानकारी गराउछु ।

*(जानकारी गराएपछि)*

९. **माननीय सदस्यहरू,**

**“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

१०. **माननीय सदस्यहरू,**

अब, **“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

११. **माननीय सदस्यहरू,**

**“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुत कर्ता उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई अनुमति दिन्छु ।

**माननीय माया भट्ट**

माननीय सभामुख महोदय, प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफल कार्य समाप्त भए पश्चात प्रश्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनी सुदूरपश्चिम प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपदफा १ को देहाय खण्ड (ख) बमोजिम यो प्रश्ताव प्रश्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**१२. माननीय सदस्यहरू,**

अब म, उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

**१३.**"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा पछि)*

**१४. माननीय सदस्यहरू,**

अब, **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम **मा०मान बहादुर धामी**लाई समय दिन्छु ।

**माननीय मान बहादुर धामी**

माननीय सभामुख महोदय, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफल पश्चात सुदूरपश्चिम प्रदेश सभाले प्रदेशको वातावरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ । म सबभन्दा पहिले सुदूरपश्चिम प्रदेश सरकारको मन्त्रालय र मन्त्रिज्यू र त्यसपछि अर्थ विकास तथा प्राकृतिक स्रोत व्यवस्था समितिमा दफावार छलफल भएर अत्यन्त महत्वपूर्ण विधेयक जसले सुदूरपश्चिम प्रदेश मात्र नभएर राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा पनि यो विधेयकले अत्यन्त महत्वपूर्ण भूमिका खेल्दछ । त्यसको लागि म हार्दिक आभार व्यक्त गर्न चाहान्छु । अहिलेको यो वैज्ञानिक युग Machinery को युग पनि भनिन्छ । हेर्दाखेरी विश्वका विकसित राष्ट्रहरुले हरितगृह उत्सर्जन गरेर हाम्रो देशलाई पनि

एउटा क्षति स्वभाविक रुपमा व्यहोरी राखेका छौं । तर हाम्रो देशले खासगरेर हाम्रो सुदूरपश्चिम प्रदेशले नेपाललाई मात्र होइन विश्वलाई अक्सिजन दिएर थप उर्जा पुर्याइ राखेको छ । टेवा पुर्याइ राखेको छ । त्यसो हुँदा खेरी जसरी विभिन्न विकास निर्माण र हरेक कामकारबाहीहरु गर्दा खेरी वातावरणीय प्रभावलाई अत्यन्त महत्वपूर्ण साथ हेरिएको छ र नेपाल सरकारले बहोत महत्वपूर्ण ढंगले यसलाई हेरेको छ र त्यो speed लाई प्रक्रिदै प्रदेश सरकारले जुन विधेयक ल्याएको छ यो विधेयकले सुदूरपश्चिम प्रदेशमा जुन प्रकारको विकास निर्माणहरु गर्दा खेरी गर्नुपर्ने वातावरणीय अध्ययनहरु, उपभोक्ताहरुको हित र आवश्यकताहरु संरक्षण गर्ने कुराहरु यो विधेयकले समेटेको छ त्यसकारण मैले यसमा छलफल जुन अर्थ विकास समिति मार्फत यहाँ आएको छ पूर्ण रुपमा यो विधेयकको कार्यान्वयनको सुभकामना र सफलताको कामना व्यक्त गर्छु धन्यवाद ।

**माननीय मालामती कुमारी राना**

माननीय सभामुख महोदय, आज धेरै दिन पछि हामी वातावरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ माथि छलफल गर्दै छौं । सर्वप्रथम त म समितिका माननीय सदस्यज्यूहरु विशेष आमन्त्रित माननीय मन्त्रिज्यूहरु आमन्त्रित मान्य सदस्यज्यूहरुलाई म आफ्नो व्यक्तिगत तर्फबाट र आफ्नो पार्टीको तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहान्छु । प्रदेशको वातावरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक एकदमै महत्वपूर्ण विधेयक हो । यो विधेयक राष्ट्रिय अन्तराष्ट्रिय विश्वमा एकदमै महत्वपूर्ण भूमिका खेल्छ । हामी सबैलाई अवगत भएकै कुरा हो । त्यस कारण हामी मानव जाती तथा सम्पूर्ण जिवजगतलाई स्वच्छ तथा स्वस्थ बाँच्नको लागि प्राकृतिक स्रोत तथा वातावरण संरक्षणको आवश्यकता पर्दछ । हामी सबैलाई अवगत भएकै हो । विश्व जगतले राम्रो स्वच्छ स्वच्छ वातावरणमा बाँच्न पाउनु पर्छ भनेर आफ्नो देश प्रदेशको विकास र आफ्नो वातावरणमा बडो जोरदार मेहेनत गरेर वनजंगल नदीनालाको एकसाथ संरक्षण गर्नमा सहयोग पुर्याएर अघि बढेका हामीले देखिरहेका छौं । कसरी हाम्रो देशको हाम्रो प्रदेशको वातावरण स्वच्छ राम्रो होस भनेर लागि परेका हुन्छौं तर हामी सुदूरपश्चिम प्रदेशका सांसदहरुले मैले अहिलेसम्ममा देखेको बुझेको हामी हाम्रो बोक्सी आफै झाँक्री भएर राजधानीको नाममा वनजंगल नदीनालाको संरक्षण गर्न छोडेर प्रदुषण र विनासतिर लागेका छौं । हामी आफ्नै ऐन कानून बनाउन गइरहेका छौं । अर्को तिर हामी ऐन कानूनको हामी उल्लंघन गरिरहेका छौं । यो कस्तो ऐन हामी पहिला भन्दै आएका थियौ पर्यावरणीय दृष्टिकोणले हाम्रो निर्णय एकदमै ठीक थियो तर हाम्रा प्रदेशका सत्ता पक्षले मान्नु भएन आज तपाईको राजधानीको नाममा सुकुन्वासीको नाममा जंगल विनास भएको हामीले देखिरहेका छौं । म पुनः दोहोर्याउन चाहान्छु हामी कुन किसिमको ऐन कानून हामी बनाउन गैरहेका छौं । यदि वास्तवमा हामीले आफ्नो प्रदेशको वन जंगल वातावरण प्रदुषणबाट हामीले मुक्त गर्नुछ भने हामी सच्याउँ । अहिले पनि हामीसँग समय छ हामी सच्याऔं । सच्याएर हामी अघि बढौं । वन जंगलको हामी विनास नगरौं । बरु हामी वनजंगलको विनास कसरी रोक्नुपर्छ तेतातिर हामी जाऔं । अनी त्यसैमा हाम्रो भलाई छ । प्रस्तावनाको संशोधन वा थप हुनुपर्ने बुदा म केही भन्न चाहान्छु । वनस्पतिको अगाडी प्राकृतिक रुख साल र धुप साल थप्न आवश्यक

देखिन्छ । त्यसमा प्रस्तावना मात्रै संशोधन थप हुनुपर्ने व्यवस्थामा वनस्पतिको अगाडी प्राकृतिक साल र धुपसाल थप्न आवश्यक देखिन्छ किनभने साल र धुपसाल भन्ने तपाईको म सालको बारेमा केही जानकारी गराउन चाहान्छु । यो साल रुप भन्नाले तपाईको नेपाल र भारत भारतको पश्चिम उत्तरतिर मात्रै भारतमा सर्वश्रेस्ठ पाउने रुख यो हो । यो रुखको हामीले संरक्षण गर्नुपर्छ कि पर्दैन । हामी रुखको संरक्षण गर्नु छोडेर विनास गर्न गैरहेका छौं । जुन ठाउमा हामीले राजधानी किटान गरेका छौं । त्यो ठाउमा सालका रुख बाहेक अरु कुनै रुख छैनन् । त्यस कारण राजधानीको नाममा सुकुन्वासीको नाममा प्रदुषण प्रतिकुल निम्त्याउन हामी नखोजौं । त्यतातिर हामी नजाउ । दफा ८ को २(१) उपदफामा संशोधन तथा थप हेर्दा प्रमाणित भन्ने समेटिएको छ । मैले थप गर्नुपर्नेमा कुन कुन संवेदनशील विषयलाई प्रमाणित भएको भन्ने जो वातावरणीय ह्रास तथा प्रतिकुल असर गर्छ । संशोधन तथा थप गर्नुपर्ने मेरा सुझावहरु । पहिलो नम्बरमा धुँवा फैलिने डिजेल गाढी र बिस वर्षभन्दा पहिलेको चल्न नपाउने, कलकारखानाको चिम्नीमा मापदण्ड छ/छैन । इटाभट्टाको चिम्नी मापदण्ड छ/छैन । नगरको फोहोर मैलाको डम्पिङ साइट छ/छैन । पानी ढल निकास छ छैन । वनजंगलमा लाग्ने आगो रोगथाम व्यवस्था छ छैन । यो विषयलाई मिचेर काम गरेको प्रमाणित भएमा सर्तहरु तोक्न र त्यस्तो कार्य नगरेपछि रोक लगाउन सकिने यो शब्दहरु थप आवश्यक छ । धन्यवाद ।

**माननीय नन्द बहादुर साउद**

माननीय सभामुख महोदय, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जो रुपमा प्रस्तुत भएको थियो र त्यो विधेयक माथि माननीय समितिका सदस्यज्यूहरु लगायत यो सम्बन्धित विषय विज्ञहरुको विचबाट व्यापक छलफलका बिच यो विधेयक सदनमा प्रस्तुत भएको छ । सर्वप्रथम र माननीय विभागीय मन्त्रीज्यू लगायत सम्पूर्ण माननीयज्यूहरुलाई म धन्यवाद दिन चाहान्छु । कि हामीले तेश्रो अधिवेशनलाई प्रदेशको ऐन नियम र कानूनको अधिवेशन भनेका छौं । र यसो हुँदा अब हाम्रो विधेयकहरु सदनबाट समितिबाट र सम्बन्धित मन्त्रालयबाट समग्र प्रदेशको विकासको निम्ति समृद्धिको निम्ति त्यो ऐन नियम र कानूनहरु एक पछि अर्को गर्दै अगाडी बढ्दै छन् भन्ने कुरा पनि म यहाँको विचमा राख्न चाहान्छु र दोश्रो कुरा यो विधेयकले समग्र हाम्रो प्रदेशको विकाससँग जोडिएको हुनाले यसलाई हामीले एउटा उपलब्धको रुपमा लिनु पर्छ कि वातावरणीय प्रभाव मुल्यांकनका हिसाबले कि अन्तर मन्त्रालय र अन्तर विधेयकको बिचमा एउटा कन्ट्राडिस हुन्छ यसले गर्दा के देखिन्छ भन्नुहुन्छ भने हामीसँग तराई मधेस राष्ट्र चुरे संरक्षण र भित्री मधेस लगायत उच्च हिमाली जिल्लाहरु पनि यो ठाउँमा छन् र वातावरणीय हिसाबले सायद देशकै सबभन्दा राम्रो सुन्दर सुदूरपश्चिम भनेर हामीले सुन्ने र हामीले भन्ने गरेका छौं । त्यसो हुनाले पनि हाम्रो यो प्रदेशको वातावरण जो संरक्षण छ यसले समग्र वातावरणलाई यहाँको जिवजन्तुको हिसाबले चाहिने अक्सिजनको सँगसँगै र यो सँगै जोडीएका कतिपय विकासका कुराहरुलाई पनि यसले महत्वपूर्ण भूमिका खेल्छ भन्ने कुरा म यहाँहरुमाझ राख्न चाहान्छु । के हामीसँग यसले समग्र यहाँ प्रदेशको विकासका निम्ति वातावरणीय प्रभाव मुल्यांकनको आधारमा आगामी दिनहरुमा वनजंगल जडीबुटीहरु र समग्र

भौतिक पूर्वाधारका हिसाबले गरिने समग्र विकासका कामहरुमा यसले थुप्रै कार्यविधिहरु बनाएर हामीले काम गर्नको निम्ति सहज र सरलको बाटो लिएको छ भन्ने कुरा म भन्न चाहान्छु । दोश्रो कुरा यो क्षेत्रको विकासको लागि यसले महत्वपूर्ण भूमिका खेल्छ र विषयवस्तु र व्यापक छलफलका बिचबाट सदनमा छलफल भइराखेको छ म फेरीपनि धन्यवाद दिदै यो विधेयकलाई समग्र बहुमतका साथ यो सदनले पास गर्ने छ भन्दै विदा हुन्छु धन्यवाद ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, वातावरण सम्बन्धीको जुन विधेयक छ अत्यन्त महत्वपूर्ण विधेयक हो । जहाँसम्म विश्वमा हरेक नागरिकको सोच्छ वातावरणमा जिउन पाउने उसको पहिलो नैसर्गिक अधिकार हो । हामी त्यसमा संवेदनशील हुनै पर्छ र जहाँसम्म यो विधेयकको कुरा गर्दा खेरी यो मावन सँग गासिएको कुरा हो । यसको जन्मना देखी मृत्युसम्म गासिएको कुरा हो । त्यसैले यो बढी संवेदनशील पनि छ बढी महत्वपूर्ण छ र हामीले त्यसतर्छ हाम्रो समुदाय हामी सम्बन्धित निकायको ध्यान यतातर्फ कमजोर छ । जसतो केही सामान्य कुराको सरकारले सम्बन्धित निकायले नियमन गर्ने कुरा पनि हामीले गर्न सकेको अवस्था छैन । आज शहरहरु कति फोहोर छन् अगि पनि कुरा उठ्यो । डम्पिङ साइटहरु छैन । कुन ठाउमा फोहोरहरुलाई व्यवस्थापन गर्ने भन्नेसम्म हामी अहिलेसम्म नगर क्षेत्रमा पनि हाम्रो ध्यान पुगेको छैन । ग्रामिण क्षेत्रको त कुरै छोडौं र आज दुरदराज र ग्रामिण क्षेत्रका जनताको अवस्था कस्तो होला कल्पना गरौं । त्यसैले यो विकाससँग जोडिएको विषय पनि छ । आज अराजक तरिकाले सडक पहाडतिर खनिने काम गरेका छन् र त्यो पर्यावरणका दृष्टिकोणले भोली तेले कति असर पार्न सक्छ भन्ने तर्फ पनि सम्बन्धित निकायको ध्यान छैन । भौतिक विकासका कुराहरुलाई पनि समयमा पर्यावरणीय मैत्री वातावरणमा तिनलाई अगाडी बढाउन सकेनौं भने ति हाम्रा लागि मानव समुदायका लागि त्यो घातक हुन सक्छ । त्यसैले पर्यावरणलाई दुषित बनाउने काम र जटिल बनाउने काम हाम्रा कृयाकलापबाट भएका छन् । यसका लागि ऐन बन्नै पर्दैनथ्यो । यलाई नियमन गर्ने कुराहरुलाई काही छैन रोकिएको । त्यसैले गर्दा खेरी ध्वनी प्रदुषणका कुराहरु, मलाई लाग्छ यो बजारमा हरण बजाउदा खेरी पुरा धनगढी सुनिन्छ । यो त सामान्य कुरा हो । तेलाई control गर्न सकिदैन । एउटा हामीले सामाजिक विषय पढ्दाखेरी कसैलाई रेडियो सुन्ने अधिकार छ तर अरुलाई disturb गर्न पाइदैन । यी धेरै संवेदनशील कुराहरु छन् । म त भन्न चाहान्छु अनिवार्य रुपमा यसलाई विद्यालयमा शिक्षामा लागु गर्न पर्छ । सानै क्लासबाट किनभन्दा वातावरण स्वच्छ हुन सकेन भने हाम्रो मानसिकता पनि स्वच्छ हुन सक्दैन र मैले अलि धेरै त हेर्न पाएन सरसर्ति यो विधेयक हेर्दा धेरै मेहेनत गरेको छ । म समितिको सभापति साथिहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु र या अघि पनि कुरा उठ्यो चुरेको अवस्था भोली तराइको अवस्था के हुन सक्छ । त्यसैले दिर्घकालीन सोच राखेर हामीले विकास योजनाहरु अगाडी बढाउ । कुनै पनि कुरा गर्दा खेरी populist कुरा हचुवाको भरमा हामी नगरौं र यसको १७ मा क्षतिपूर्तिको पनि व्यवस्था गरेको छ तर व्यवस्था गरेर हुँदैन त्यो व्यवस्थाहरु चाहिने क्षतिपूर्ति पाउनेले पाउनुपर्छ । म सन्दर्भ क्षेतिपूर्तिकै बारेमा विश्वव्यापीकरणसँग जोड्न चाहान्छु यो

global पनि हो । यो वातावरण भनेको अहिले global भैसकेको छ । अहिले औद्योगिक विकास भएका जुन देशहरु छन् जुन country हरु छन् उनीहरुले गरेको जुन यो विकासले गर्दा खेरी हाम्रो जस्तो अल्पविकसित मुलुकमा मैले एउटा पढेको थिएँ ६० देखी ९० अरबसम्मको क्षति नेपाललाई हुँदो रैछ वार्षिक रुपमा । हामीले के विगारेका छौं । ६० देखी ९० अरबको क्षति भइराख्याछ । यो संघीय सरकारले अन्तराष्ट्रिय level मा यलाई यो क्षतिपूर्तिको बारेमा लिन सक्नुपर्यो जस्ले गर्दा खेरी यहाँको environment को क्षेत्रमा कसरी न्यूनिकरण गर्न सकिन्छ भनेर त्यो खालको रकमले ती योजनाहरु बनाइनु पर्छ । ६० देखी ९० अरबको वार्षिक हामीले त्यो घाटा व्यहोर्नु परेको छ र अर्को कुरा के छ भन्दा खेरी तहगत सरकारका बिचमा राम्रो coordination हुन सकेको छैन । यो तहगत सरकार र सरोकारवाला मन्त्रालयहरुसँग राम्रो समन्वय हुनु जरुरी छ । यदी यो भएन भने हामी अगाढी बढ्न सक्दैनौ । त्यसैले हामीले कुनै पनि कुरा गर्दा खेरी वातावरणमैत्री तरिकाले जान सक्नुपर्छ । अब यो ऐन कानून बनाउदैमा यो एउटा पाटो हो । तर राम्रो कुरा गर्ने कुरामा ऐन कानूनले छेक्दैन । यो एउटा पाटो मात्रै हो । हामी बनायौं र कुनै पनि ऐन कानूनको प्रभावकारी कार्यान्वयन र त्यो मुलुकले र जनताले result पाउनु पर्यो । अब हामी मख्ख के छौं भने यो वर्ष कानून बनाउने वर्ष भन्यौं ठीक तर कानून बनाउदै सिर्यातमुनी राख्दै सुत्तै गयो भने यो कानूनको वनाएको कुनै उपलब्धी आउन सक्दैन । यसको प्रभावकारी कार्यान्वयन, प्रभावकारी व्यवस्थापन जस्तो वैज्ञानिक वनको कुरा उठायो यो बडा गजबको कुरा छ मैले अझसम्म बुझ्न सक्याछैन । या बुझेका साथिभाइले बुझाइदिन पाए म पनि सिक्थें । अब यो वैज्ञानिक वन भन्या छन् । बडा गजबसँग व्यवसायी भाछ फडानी भाछ दुरुपयोग भाछ र वैज्ञानिक वनलाई पनि त्यै ढंगले व्यवस्थापन गर्न सक्नु पर्छ । पछिल्लो पुस्ताका लागि पनि ति कुराहरुलाई सम्पत्तिको रुपमा हामीले कसरी विकास गर्ने हो वन पाल्ने मात्र होइन व्यवसायीकरण पनि गर्नु पर्छ । चार पुस्तासम्म पाल्ने दश पुस्तासम्म पाल्ने होइन । तर वन जंगलको संरक्षण सम्बर्द्धन गर्ने योजना पनि चाहिन्छ जस्तो भारतमा यो सफल भएको छ । अब नेपालमा यो फडानी गर्ने भनेर अहिले मलाई लाग्छ डोटी डडेल्धुरामा अझ नयाँ चलखेल भइराख्याछ । त्यसैले यसको सही व्यवस्थापन, सही संरक्षण र सही कार्यायोजना आउनु पर्यो । जस्तो कोषको स्थापना छ । त्यो कोषको भोली व्यवस्थापन पनि सही ढंगबाट कार्ययोजना आउनु पर्यो । त्यो ढंगले हामी जान सकेनौं भने ऐन मात्र बन्छ तर यसको उपलब्धी राष्ट्रले पाउदैन समुदायले पाउदैन र हामी यसको प्रभावकारी कार्यान्वयनका क्षेत्रमा यो ऐनलाई अगाडी बढाऔं र हामीले कुनै पनि विकासका योजनाहरु र कामहरुलाई वातावरणमैत्री बनाऔ । अहिले वास्तवमा हामीले आफुलाई भोली वातावरणको क्षेत्रमा धेरै जटिलता आउने खालका भौतिक पूर्वाधारहरु निर्माण गर्दैछु जस्ले हामीलाई ठुलो क्षति गर्दैछ त्यसैले ऐन एउटा guideline हो एउटा दस्तावेज हो । यले हामीले मार्गनिर्देशन गर्छ त्यो अनुरुप नीति निर्माण तहमा बसेका व्यक्तिले त्यो आचरण बनाउनु पर्छ । अब आजभोली यो ऐन पास हुन्छ कार्याविधि अर्को हुन्छ र अनी कार्यविधि अर्कै ढंगले जान्छ त्यसैले यो होइन एउटा पद्धतीको आधारमा ऐनको मुल मक्सद के हो त्यसको आधारमा हामी एलाइ प्रभावकारी ढंगले यसको कार्यान्वयन क्षेत्रमा जाऔं ।

यसबाट जनतालाई अनुभूति दिलाउ यसको उपलब्धी दिलाउ वास्तवमा यो ऐन पास भएको त्यसपछि मात्र यो अनुभूति हुन्छ कामियाबी हुन्छ भन्ने कुरा राख्दै विदा हुन्छु धन्यवाद ।

*(बोलि सकेपछि)*

**१५. माननीय सदस्यहरू,**

**“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**१६. माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुत कर्ता उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई **“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

**माननीय माया भट्ट**

माननीय सभामुख महोदय, दफावार छलफलको क्रममा स्पष्ट कुनै प्रश्न उठान भएको छैन । दफावार छलफलमा भाग लिने सम्पूर्ण माननीय सदस्यहरुले विधेयकको आवश्यकता माथि नै प्रकाश पार्न खोजेकोले कुनै प्रश्नलाई विषयवस्तु बनाइ जवाफ दिइरहनु पर्ने अवस्था छैन । विधेयक माथि सामान्य छलफल भई सम्बन्धित समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रतिवेदन प्रस्तुत भइ समितिबाट दफावार छलफलको कार्य समेत समाप्त भएकोले प्रतिवेदन सहितको विधेयकको व्यवस्थालाई विधेयकको अंग बनाई विधेयक पारितको बाँकी कार्यविधि अगाढी बढाइयोस धन्यवाद ।

*(जवाफ दिईसकेपछि)*

**१७. माननीय सदस्यहरू,**

अब,म **“प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १३ (तेह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

१८. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १३ (तेह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**१९. माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि २२ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

२०. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि २२ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतीले **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**२१. माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना: स्वच्छ वातावरणको संरक्षण सम्बर्द्धन गर्न,** बाताबरणीय असन्तुलन र ह्रासबाट मानव जाति, जीवजन्तु, बनस्पती, प्रकृति, बायुमण्डल तथा भौतिक बस्तु माथि हुन सक्ने प्रतिकुल असरलाई कम गरी मानवजाति तथा सम्पुर्ण जीव जगतलाई स्वच्छ तथा स्वस्थ बाताबरणमा बाँच्न पाउँने हकलाई सुनिश्चित गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट बाताबरण संरक्षण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " सुदूरपश्चिम प्रदेश बाताबरण संरक्षण ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

*(पढेर सुनाएपछि)*

**२२. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

२३. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनेको घोषणा गर्दछु।

***(घोषणा भएपछि)***

२४. **माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्ट लाई **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय माया भट्ट**

माननीय सभामुख महोदय, प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रश्चात पेश गर्दछु धन्यवाद ।

***(प्रस्ताव प्रस्तुत भएपछि)***

२५. **माननीय सदस्यहरू,**

अब, म उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

***(हुन्छ भनेपछि)***

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

२६. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

*(घोषणा भएपछि)*

**२७. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र १० गते आईतबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।